स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सर्वकालिन ब्लकबस्टर फिल्म 'पूर्णबहादुरको सारंगी' फेम्ड निर्देशक सरोज पौडेलको आगामी फिल्म 'कोशेढुंगा'को मर्मस्पर्शी ट्रेलर सार्वजनिक भएको छ। ३ मिनेट ४३ सेकेन्डको ट्रेलरले कथावस्तु, चरित्र चित्रण र मनोविज्ञानबारे खुलासा गर्ने प्रयत्न गरेको छ। ट्रेलर हेर्दा फिल्मको कथावस्तु पारिवारिक सम्बन्ध, उल्झन, दाम्पत्य जीवनका अँध्यारा-उज्याला आयामको कथावस्तुमा बनेको बुझ्न सकिन्छ।

**आजको विचार...**



नेपालको...
*(दुई पेजमा)*

धना ओड



फिल्म 'मैझारा'को सुटिङ सेटबाट अभिनेता दयाहाङ राईको झलक सार्वजनिक भएको छ। छायांकन अन्तिम चरणमा पुगेको बेला उनी लिम्बु समुदायको भेषभुषामा देखिएका छन्। यो लुक्स सार्वजनिक भएसँगै यो फिल्ममा दयाहाङको संलग्नता रहेको औपचारिकरुपमा पुष्टि भएको छ। यसअघि फिल्ममा उनको अनुबन्धनलाई गोप्य राखिएको थियो। निर्देशक समेत रहेका अभिनेता राईले दयाहाङको लुक्स सार्वजनिक गर्दै दर्शकलाई सरप्राइज दिएका छन्।

❐ वर्ष ३१ ❐ अंक ३४ ❐ २०८२ भदौ ४ गते बुधबार 20 August 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### इजरायली आक्रमण १८ को मृत्यु

(रासस/एएफपी)

**गाजा सिटी,** भदौ ३/गाजाको नागरिक सुरक्षा विभागले आइतबार इजरायली हवाई आक्रमण र गोलीबारीमा कम्तीमा १८ जना प्यालेस्टिनी नागरिकको मृत्यु भएको जनाएको छ । प्रवक्ता महमुद बास्सालका अनुसार, गाजा सिटीको एक अस्पतालको आँगनमा ड्रोन आक्रमण हुँदा सात जनाको ज्यान गएको हो । ती मृतकहरू हमासका सदस्य रहेको जनाइएको छ, जो खाद्यान्न वितरण र सुरक्षाको जिम्मेवारीमा रहेका थिए । दक्षिण गाजाको खान युनिस क्षेत्रमा विस्थापितहरू बसोबास गरिरहेको एउटा टेन्टमा आक्रमण हुँदा थप चार जनाको ज्यान गएको छ । त्यस्तै, सहायता वितरण केन्द्र नजिकै इजरायली सेनाको गोली लागेर दक्षिण गाजामा ६ जनाको मृत्यु भएको बास्सालले बताए । मध्य गाजामा पनि एक व्यक्ति सहायता लिन गएका बेला मारिएका छन् । इजरायली सेना हाल गाजा सिटीको जैतुन क्षेत्रमा ठूलो सैन्य कारबाही गर्दैछ । एक सातादेखिको यो अपरेशनले ठूलो जनधनको क्षति गराएको बताइए पनि उद्धार टोलीहरू निरन्तर आक्रमण र साधनको अभावका कारण पीडितहरूसम्म पुग्न सकिरहेका छैनन् । संयुक्त राष्ट्रसंघ समर्थित विज्ञहरूले गाजामा गम्भीर खाद्य संकट र दुर्भिक्षको चेतावनी दिएका छन् ।

## सन्दर्भ : राष्ट्रिय सूचना दिवस

# नागरिकले मागेका सूचना नलुकाऔँ : प्रजिअ सुवेदी

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ ३/पाल्पाका प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीले नागरिकले मागेपछि सूचना लुकाउन नहुने बताएका छन् । राष्ट्रिय सूचना दिवसको अवसरमा मंगलबार जिल्ला प्रशासन कार्यालयमा भएको सूचना अधिकारी र पत्रकारहरुसँगकोछलफलमा पत्रकारहरुको गुनासो तथा जिज्ञासा पश्चात प्रजिअ सुवेदीले नागरिकले पाउनु पर्ने सूचना लुकाउन नहुने बताएका हुन् ।

जनताको सूचनाको अधिकारलाई कसैले पनि कमजोर पार्न नहुने भन्दै उनले केही गोप्य सूचना बाहेक अन्य सार्वजनिक सूचनाहरु प्रवाह गर्न सरकारी कार्यालयका सूचना अधिकारीहरुलाई निर्देशन समेत दिए । उनले हरेक नागरिकलाई आफ्नो व्यक्तिगत सरोकार र सार्वजनिक महत्वका सूचना माग्दा पाउने अधिकार भएको स्पष्ट पार्दै जनताप्रति जवाफदेही र नागरिकमैत्री बनाउन सूचनाको हकसम्बन्धी कानूनी व्यवस्था भएको बताए । प्रजिअ सुवेदीले भने "कानूनी व्यवस्थामा भए अनुसार ५ वटा गोप्य सूचना बाहेक नागरिकले मागे हरेक





सार्वजनिक सूचनाहरु दिनुहोस् ।" सूचना नदिए, लुकाए र स्वत: सार्वजनिक हुनुपर्ने सूचना प्रकाशित नगरेमा सम्बद्ध निकायको प्रमुख र सूचना अधिकारीले कारवाहीको भागीदार बन्नुपर्ने समेत उनले बताए । "जति गोप्य गर्न खोज्नु हुन्छ, लुकाउन खोज्नु हुन्छ त्यति नै जटिलता हुन जान्छ,' प्रजिअ सुवेदीले भने "त्यसैले पारदर्शीता अपनाउँदै अरुले जान्न पाउने अधिकारको संरक्षण गर्नुहोस् ।" सार्वजनिक निकायको सूचना जति धेरै सञ्चार माध्यम र नागरिकहरुलाई दियो, त्यति नै धेरै पारदर्शिता र सुशासन कायम हुने उनको भनाई थियो । प्रजिअ सुवेदीले कुनै पनि सरकारी कार्यालयले यो वा त्यो बाहनामा सूचना लुकाउन नहुने बताए । उनले सूचना अधिकारीहरुको क्षमता अभिवृद्धिका लागि छिट्टै राष्ट्रिय सूचना आयोगबाट प्रशिक्षक ल्याएर तालिम दिने समेत उल्लेख गरे । कार्यक्रममा पत्रकारहरुले सूचना अधिकारीहरु आफ्नो कर्तव्य र जिम्मेवारी प्रति अनविज्ञ रहनु, कार्यालय प्रमुखहरुबाटै सूचना अधिकारीहरुलाई सूचना प्राप्त नहुनु, सरकारी कार्यालयका वेबसाइटहरु अपडेट नहुनु, सूचना माग गर्दा समेत सूचना अधिकारीहरुले कानाकानी गर्ने, स्थानीय तह र सरकारी कार्यालयबाट हुने सूचना, विज्ञापन कमिसनको लोभमा स्थानीय मिडियामा नदिने बाहिर पठाउने गरेको बताएका थिए । नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेनाले नागरिकप्रति जिम्मेवारसँगै मिडियामैत्री बन्न सूचना अधिकारीहरुलाई आग्रह गरे । सूचना पाउनु नागरिकको मौलिक अधिकार भएको भन्दै उनले सूचना सहज रुपमा उपलब्ध गराउन आग्रह गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघ निवर्तमान अध्यक्ष रेखिराम राना, महासंघका जिल्ला सचिव रामचन्द्र रायमाझी, पत्रकारहरु माधव अर्याल, कृष्ण दर्नाल, किरण कौसल, मिलन विश्वकर्मा, कृष्ण कार्की, कृष्ण पोखरेल, नारायण न्यौपाने लगायतले सूचना जति धेरै प्रवाह गर्न सक्यो कार्यालय/संघसंस्थाहरु त्यति नै धेरै शक्तिशाली हुने भएकाले सूचना सहज रुपमा उपलब्ध गराउन र स्थानीय मिडियाहरुको प्रवर्द्धन गर्न स्थानीय सूचना/विज्ञापन स्थानीय मिडियाहरुलाई दिनुपर्नेमा जोड दिए ।

## सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार

-सार्वजनिक निकायमा भएका सूचना माग्ने र पाउने हक प्रत्येक नागरिकलाई हुनेछ,

-सूचना माग भएमा उपलब्ध गराउने दायित्व प्रत्येक निकायका पदाधिकारीको हुनेछ,

-मागेको सूचना तोकिएको अवधिमा नपाएमा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिनेछ,

-नागरिकको सूचना माग्ने, पाउने हकको संरक्षण र प्रवर्द्धन गरौं ।

राष्ट्रिय सूचना दिवस २०८२ भाद्र ३ गते भव्य रुपमा मनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# पुरानो आरनमा नयाँ चमक : शिवलाल लोहारको फलाम यात्रा

**भैरहवा(रूपन्देही),** भदौ ३/रूपन्देहीको शुद्धोधन गाउँपालिका-४ सिसवाका शिवलाल लोहारको जीवन पुर्ख्यौली आरनको आगो र फलामको कामसँग जोडिएको छ । तर, उनको आरन अब परम्परागत मात्र छैन । उनले पुर्ख्यौली सीपलाई आधुनिक प्रविधि र औजारसँग जोडेर आफ्नो पेसालाई नयाँ जीवन दिएका छन् । यो कथा शिवलालको पुरानो पेसाप्रतिको सम्मान र नयाँ प्रविधिप्रतिको खुला सोचको एक प्रेरणादायी उदाहरण हो ।



उमेरले ३७ वर्ष मात्र पुगेका शिवलालले आफ्ना बुबा र हजुरबुबाबाट फलामको काम सिके । उनको पुस्ताले कोइलाको आगो फुकेर फलामलाई तताउने, अनि घन र हथौडाको सहायताले हँसिया, बञ्चरो, खुर्पा, चुलेसीजस्ता औजारहरू बनाउने काम गर्थ्यो । यो कामले धेरै मेहनत र धैर्यको माग गर्थ्यो । एक दिनमा केही औजार मात्र बनाउन सकिन्थ्यो र त्यो पनि निकै थकाइ लाग्ने काम थियो । परिश्रमअनुसारका पारिश्रमिक पनि पाइँदैनथ्यो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सर्पदंशको जोखिमबाट बच्न सावधानी अपनाऔं

**विशेष गरी नेपाल र भारतको तराई क्षेत्रमा सर्पदंश घटनाहरू बढी हुने गर्दछन् । सर्प प्रकृतिको महत्वपूर्ण हिस्सा हो जसले पर्यावरणको सन्तुलन कायम गर्न मद्दत गर्छ । तर, विशेषगरी गर्मी र वर्षायाममा (वैशाखदेखि भदौसम्म), सर्पदंशका घटना तीव्र रूपमा बढ्ने गर्छन्, जुन मानव स्वास्थ्यका लागि गम्भीर चुनौती बन्ने गरेको छ । नेपालमा करिब ९० प्रजातिका सर्प पाइन्छन्, जसमध्ये २० प्रजाति विषालु हुन्छन् । गोमन, करेत, रसेल्स भाइपर र स–स्केल्ड भाइपर जस्ता सर्पहरू मानिसलाई बढी डस्ने प्रजातिहरू हुन् । सर्पदंशको उपचारका निम्ति सरकारले निःशुल्क मलम उपलब्ध गराउँछ । 'एन्टी स्नेक भेनम सेरम' मलम सर्पदंश केन्द्रबाट निःशुल्क वितरण गर्दै आएता पनि सर्पले टोकेर बिरामी हुनेको संख्या न्यून हुन सकेको छैन । विश्व स्वास्थ्य संगठनको विवरणअनुसार नेपालमा वार्षिक करिब एक सय जनाको सर्पदंशका कारण मृत्यु हुने गरेको छ । मानवीय गैरजिम्मेवारका कारण ठूलो संख्यामा नेपालीहरू सर्पदंशबाट प्रभावित हुने गरेका छन् । यो अत्यन्त दुखको कुरा हो ।**

**चिकित्सकहरूका अनुसार गर्मी बढेसँगै सर्प जमिन बाहिर निस्कन्छन्, यो प्राकृतिक विषय हो । सर्पबाट छल्दै मानिसले जीवन जिउने हो । यसका निम्ति धेरै केही गर्नुपर्दैन । घर वरिपरि नियमित सरसफाइ गर्ने हो । सर्पलाई नचलाउने गर्दा मात्रै पनि बच्न सकिन्छ । सरकारी अधिकारीहरूका अनुसार सामान्यतयाः हिंड्दै गर्दा, घाँस काट्न जाँदा, खेतबारीमा काम गर्दा सर्पले टोक्ने गरेको पाइन्छ । जंगल, झाडीमा जाँदा सर्प छ कि छैन भन्ने ख्याल नगर्दा पनि समस्या हुने गरेको छ । घाँस काट्न जाँदा होस् वा खेतबारीमा काम गर्दा बुट र पञ्जा लगाउनेलगायतका सावधानीका उपाय नअपनाउँदा सर्पले टोक्ने गरेको छ । यसर्थ सर्पदंशको जोखिमबाट बच्न व्यक्ति स्वयं सतर्क हुन जरुरी छ । सरकारले पनि यसका निम्ति लगानी गर्न आवश्यक छ ।**

### Opinion @ Social Network

जरूरी छैन सबैले मेरो महत्व बुझुन
तराजुले त केबल तौल नाप्छ गुणस्तर हैन ।
*(सोनि आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालका कानुनले नचिनेका र राज्यले नदेखेका एकल आमाहरू



## धना ओड

नेपालमा एकल महिलाको सङ्ख्या बर्सेनि बढ्दै छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) का अनुसार देशका कुल घर-परिवारमध्ये १२ प्रतिशतमा विधवा महिला र दुई प्रतिशत अन्य एकल महिला (सम्बन्धविच्छेद, छुट्टिएर बस्ने वा अविवाहित) गरी जम्मा १४ प्रतिशतमा एकल महिला रहेका छन् । यस तथ्याङ्कको सतहमुनि हजारौं महिला छन्, जो श्रीमान्को असहयोग, हिंसा वा विश्वासघात सहन नसकेर अलग बस्न थालेका छन् तर कानुनी मान्यता नपाउँदा उनीहरू न 'एकल महिला'को परिभाषाभित्र पर्छन् न त राज्यका नीतिहरूमै । उनीहरू सरकारी आँकडामा नदेखिने, कानुनी परिभाषामा नअट्ने र सामाजिक सुरक्षाबाट वञ्चित हुने अदृश्य समूह हुन् । कानुनले नचिनेका कारण एकल महिलाका लागि राज्यले व्यवस्था गरेको अधिकार, सामाजिक सुरक्षा, सरकारी सुविधा र मनोसामाजिक सहयोगबाट उनीहरू वञ्चित छन् । 'एकल महिला सुरक्षा कोष सञ्चालन नियमावली २०७०' र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन २०७८ ले विधवा, ३५ वर्षभन्दा माथिका अविवाहित, कानुनी रूपमा सम्बन्धविच्छेद भएका वा सम्बन्धविच्छेद नभए पनि कानुनी रूपमा मानो-चामल लिएर वा अंश बुझी श्रीमान्सँग छुट्टिएर बसेका र पाँच वर्षभन्दा बढी समयदेखि बेपत्ता पतिका पत्नीलाई मात्र 'एकल महिला' भनेर परिभाषित गरेको छ । कानुनी प्रक्रिया सुरु नगरेका तर व्यवहारमा पूर्ण रूपमा एकल आमाको भूमिका निभाइरहेका महिलाहरू यो दायराबाट बाहिर छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार करिब ९.८ मिलियन बालबालिकामध्ये १.७ मिलियन (१८.१ प्रतिशत) एकल अभिभावकसँग बस्छन्, जसमा १७.१ प्रतिशत एकल आमासँग र १ प्रतिशत एकल बाबुसँग छन् । यद्यपि कानुनी रूपमा नछुट्टीकन वर्षौंदेखि अलग जीवन बिताउँदै एकल अभिभावकको भूमिका निर्वाह गरिरहेका आमाहरूको अवस्था सामाजिक र कानुनी दृष्टिकोणबाट निकै जटिल छ । कानुनी संरचना अनुसार यिनीहरुको एकल महिलामा गणना नभएकाले विस्तृत तथ्याङ्क आउन सकेको छैन । यस अध्ययनमा सहभागी सबै एकल आमाहरू स्वावलम्बी थिए । व्यवसाय, रोजगारी वा अन्य माध्यमबाट आफ्नै जीविकोपार्जन गर्दै बच्चाहरूको लालनपालन, शिक्षादीक्षा गर्दै आएका थिए । आफ्नै मेहनतले सम्पत्ति जोडेका थुप्रै छन् तर अहिले सम्बन्धविच्छेद गर्दा श्रीमान्ले बराबरी हिस्साको दाबी गर्न सक्ने कानुनी प्रावधान रहेका कारण धेरै महिलाहरू सम्बन्धविच्छेदको कानुनी बाटोमा जान नसकेको यो अध्ययनले देखाएको छ । विकराल समस्याका बाबजुद पनि यी आमाहरू कानुनी रूपमा सम्बन्धविच्छेद गर्न सकिरहेका छैनन् । जसको मुख्य कारण विद्यमान कानुनी व्यवस्थाले सम्बन्धविच्छेदलाई जटिल, खर्चिलो, असमान र महिलाका लागि अन्यायपूर्ण बनाएको छ । देवानी संहिता २०७५ अनुसार सम्बन्धविच्छेदअघि पति-पत्नीबिच अंशबन्डा गर्नुपर्छ, चाहे सम्पत्ति कुनै एकको मेहनतले जोडेको किन नहोस् । यसले आफ्नो कमाइमा श्रीमानले दाबी गर्न सक्ने डरले धेरै महिलालाई कानुनी बाटोबाट टाढा राख्छ । एक सहभागी आमाले भनिन्, 'मैले ऋण लिएर घर बनाएकी हुँ । छुट्टिएँ भने कानुनअनुसार उसलाई पनि अंश दिनुपर्छ, जुन सरासर अन्याय हो ।' अर्की आमा थप्छिन्, 'श्रीमान्को चरित्र र व्यवहार सहन नसकेर अलग बस्न थालेकी हुँ तर कानुनले मेरो पीडा र सैर्ष देख्दैन । जसले आफ्नो सम्पत्ति रमाइला ठाउँ घुमेर र केटीहरूसँग बसेर उडायो, उसकै नाममा सबै पुर्ख्यौली सम्पत्ति सुरक्षित छ । मचाहिँ वर्षौंको मेहनतले कमाएको सम्पत्ति समेत बाँड्न बाध्य ? त्योभन्दा बरु चुपचाप सहेर बाँच्नु नै सहज लाग्छ ।' यी महिलाको वैवाहिक जीवन कानुनी रूपमा नछुट्टिएको भए पनि व्यवहारतः टुङ्गिएको छ तर यो कानुनी व्यवस्थाले महिलालाई कानुनी बाटो रोज्न हतोत्साहित गर्छ । जिम्मेवारी नलिने पतिलाई बराबरी हिस्सा दिने व्यवस्थाले पीडित महिलाहरू झनै मारमा परेका छन् । यस अध्ययनमा सहभागी आमाहरूले भोग्दै आएका प्रमुख कानुनी अड्चन र चुनौतीहरू यस प्रकार छन् : नेपालको संविधानले महिला र पुरुषलाई अंश र वंशमा समान अधिकारको व्यवस्था गरेको छ । यद्यपि देवानी संहिता २०७५ मा यो समानताको भावना प्रतिविम्बित भएको देखिँदैन । संहिताले विगतको मुलुकी ऐनको व्यवस्थालाई निरन्तरता दिँदै महिलालाई मुख्यतः पतिबाट मात्र सम्पत्ति प्राप्त गर्न सक्ने अधिकारलाई मान्यता दिएको छ । हाम्रो परम्परागत मान्यता अनुसार विवाहपछि महिला श्रीमान्को वंशमा प्रवेश गर्छिन्, शारीरिक र आर्थिक रूपमा पनि श्रीमान्सँगै बस्छिन्, त्यसैले केवल श्रीमान्बाट मात्रै सम्पत्ति प्राप्त गर्ने अधिकार राख्छिन् भन्ने मानसिकताबाट यो कानुन निर्देशित छ । यस मानसिकताले महिलालाई आफ्नो पैतृक सम्पत्तिमा पहुँचबाट टाढा राख्दै आएको छ । खासमा यो कानुन महिलाका हक र अधिकारको संरक्षण गर्ने मानसिकताले बनाइएको देखिन्छ । महिलाले सम्पत्ति कमाउनमा योगदान गर्न सक्दैनन्, त्यसैले सम्पत्ति र आर्थिक अधिकारबाट वञ्चित होलान् भनेर यस कानुनमा पतिको सम्पत्तिबाट महिलाले अंश पाउने व्यवस्था गरियो । दुःख गरेर कमाउने, सम्पत्ति जोडेका महिला र पुरुषहरू दुवैलाई समस्या पारेकाले मानव अधिकार र समानताको दृष्टिकोणबाट अहिलेको अवस्थामा यो कानुन त्रुटिपूर्ण छ । देवानी संहिता दफा ९९ (१) अनुसार पतिका कारणले पति-पत्नीबिच सम्बन्धविच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्धविच्छेद गर्नुअघि पति-पत्नीबिच अंशबन्डा गर्न लगाउनुपर्नेछ । यस्तै, उपदफा (३) अनुसार सगोलको सम्पत्ति पति-पत्नी दुवैको नाममा वा पति-पत्नीमध्ये कुनै एकको नाममा रहेको भए, सम्बन्धविच्छेद गर्नुअघि पक्षहरूबिच कानुनबमोजिम त्यस्तो सम्पत्तिको अंशबन्डा गर्नुपर्नेछ । यस व्यवस्थाले महिलाहरू आफैँ पनि स्वावलम्बी हुन्छन्, कमाइ गर्न सक्छन् भन्ने दृष्टिकोणलाई पर्याप्त रूपमा विचार नै गरेको छैन । अहिलेको समाजमा हेर्दा इमानदार, दुःख गरेर कमाइरहेका महिलाको सङ्ख्या ठुलो छ । तिनै महिलाले श्रीमानबाट अनेक समस्या भोगिरहेका छन् । यस्ता महिलाहरूले न पैतृक सम्पत्ति प्राप्त गर्न सकेका छन्, न त श्रीमान्को सम्पत्ति नै । सम्बन्धविच्छेद हुँदा उल्टै आफैँले मेहनत गरेर कमाएको सम्पत्ति पनि गैरजिम्मेवार श्रीमान्लाई (पैतृक वा स्वआर्जन सम्पत्ति नभएका श्रीमान्हरूको हकमा) बाँड्नुपर्ने कि त श्रीमान्ले जति दुःख दिए पनि सहनुपर्ने अवस्था सिर्जना भएको छ । दुःख गरी कमाउने इमानदार पुरुषको हकमा पनि त्यही समस्या परेको छ । यो कानुन पैतृक सम्पत्तिमा मात्र केन्द्रित भई क्षतिपूर्ति र भरणपोषणका बारेमा खासै व्यवस्था नभएकाले खालि सम्पत्ति ताकेर बिहे गर्नेहरूलाई बढी फलदायी भएको देखिन्छ । यता दुःख गरी कमाउने महिला-पुरुष जो-कोहीलाई मर्कामा पारेको छ । दफा ९४ अनुसार महिलाका कारण सम्बन्धविच्छेद हुने भए । जस्तो कि खान-लाउन नदिएको, श्रीमान्लाई घरबाट निकालेको, अङ्गभङ्ग गरेको, अर्कोसँग शारीरिक सम्पर्क गरेको अवस्थामा पतिले डिभोर्स गर्दा सम्पत्ति दिनुनपर्ने र मुलुकी देवानी संहिता-१०० र १०१ अनुसार श्रीमतीले कुनै पनि कारणले विवाह नगरी मानो चामलसहित अंश लिई बस्ने निर्णय गर्दा श्रीमान्ले अंशबापत श्रीमतीलाई सम्पत्ति बाँडफाँड गरेको अवस्थामा श्रीमान्ले अर्को विवाह गर्न सक्ने अधिकार छ । श्रीमतीले अर्को बिहे गरेको अवस्थामा श्रीमान्लाई सम्पत्ति फिर्ता गर्नुपर्ने, भरणपोषण दिनुनपर्ने विभेदकारी व्यवस्था गरेको छ तर शारीरिक वा मानसिक अत्याचार सहन नसकी डिभोर्स दिनपर्दा महिलाले आफ्नो एक्लो प्रयासले कमाएको सम्पत्तिका सम्बन्धमा कहींकतै के गर्ने भन्नेबारे कानुन बोलेको छैन । त्यसैले यो व्यवस्था आफैँमा विभेदकारी छ । व्यावहारिक धरातलमा हेर्दा श्रीमतीलाई श्रीमान् र उसको परिवारले राजीखुसीले सम्पत्ति दिने कुरै हुँदैन । बाध्यात्मक रूपमा कानुनी मुद्दा लडेर सम्पत्ति प्राप्त गरेको स्थितिमा महिलालाई सामाजिक मूल्य-मान्यता, संस्कार र छोराछोरीको जिम्मेवारी सम्हाल्नुपर्ने हुन्छ । अनि श्रीमान्ले अर्को बिहे गरेको चुप लागेर सहनुपर्ने बाध्यता सिर्जना हुन्छ । महिलाहरूले पैतृक सम्पत्तिमा जन्मसिद्ध अधिकार (विवाह भएको वा नभएको, दुवै अवस्थामा) र श्रीमान्को सम्पत्ति ( विवाहपश्चात् महिलाले श्रीमान्को सम्पत्तिमा हक राख्छन् । डिभोर्स भएमा, श्रीमान्को सम्पत्तिबाट महिलाले न्यायोचित हिस्सा पाउने कानुनी व्यवस्था छ) गरी दुई किसिमले सम्पत्ति पाउने कानुनी व्यवस्था छ । संविधानले महिलाहरूलाई पैतृक सम्पत्तिमा जन्मसिद्ध समान अधिकारको व्यवस्था गरे पनि सामाजिक सोच र सांस्कृतिक बाध्यताका कारण महिलाहरूले आृनो अधिकार प्रयोग गर्न कठिनाइ भोगिरहेका छन् । त्यसमाथि पनि विवाहपछिको अवस्थामा महिलाहरूले 'दोहोरो सम्पत्ति पायो' भनेर हेर्ने प्रवृत्ति र महिलाहरूलाई अधिकार बढी भएको छ भन्ने गलत धारणा फैलाइएको छ, जसले गर्दा महिलाको हकलाई हतोत्साहित पार्न कानुनी विवादको आधार नै बनेको छ । परिणामस्वरूप अंशसम्बन्धी मुद्दामा महिलाहरूले आफ्नो हक गुमाउने गरेका छन् । त्यसमा पनि प्रायः २०७२ सालको संविधान वा कानुनी व्यवस्थाको प्रभावकारिताभन्दा अघि विवाह भएका महिलाका लागि झन् बढी चुनौतीपूर्ण छ । जब पतिको सम्पत्ति पत्नीलाई बाँड्नुपर्ने अवस्था आउँछ, परिवारका सबै सदस्य मिलेर सबै अंशियारलाई समेटेर सम्पत्ति बाँडफाँट गरिन्छ । त्यस्तो अवस्थामा महिलाहरूलाई 'नाम मात्रको हिस्सा' दिने प्रचलन छ । यता श्रीमतीले पहिले श्रीमान्को सम्पत्ति कहाँ छ, के छ भन्ने चासो राखेका हुँदैनन् । पछि गएर आफ्नो अधिकारको खोजी गर्दा सम्पत्ति विवरण, कित्ता वा सटीक जानकारी पाउन र कसैले सम्पत्ति लुकाएको वा दबाएको छ भने त्यसको प्रमाण जुटाउनै कठिन हुन्छ । अन्ततोगत्वा कानुनी प्रक्रिया अघि बढाउनै सक्दैनन् र थोरै सम्पत्ति, धेरै जिम्मेवारी हात लाग्छ । तसर्थ महिलाहरूको सम्पत्तिको अधिकारको सुनिश्चितता गर्न प्रभावकारी रूपमा कानुनको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सरकारले बहुविवाहको निषेधसम्बन्धी कानुनी प्रावधान केही अवस्थामा खुकुलो बनाएको अवस्थामा यो समस्या झन गहिरिन सक्ने खतरा छ । यस्तो प्रावधानले लुकिछिपी वा अतिरिक्त वैवाहिक सम्बन्धमा रहेका महिला-पुरुषलाई कानुनी मान्यता दिलाउने सम्भावना बढाउँछ, जसले यस्ता हजारौं महिलाहरू र उनीहरूका सन्तानलाई थप अन्यायमा पार्नेछ । कानुनले खुलेर दोस्रो विवाहलाई प्रश्रय दियो भने 'श्रीमतीसँग मन मिलेन' भन्ने साधारण बहानामा थुप्रै महिलाहरू घर-परिवारबाट विस्थापित हुनेछन् । यसरी घरबार उजाडिनु, सन्तान टुहुरा बन्नु र महिलाहरू सामाजिक तथा आर्थिक रूपमा झनै कमजोर स्थितिमा धकेलिनेछन् । यस्तो अवस्थामा जिम्मेवारी कसले लिने ? यस समस्याको समाधान गर्न बहुविवाहलाई कानुनी रूपमा सहज बनाउनेतर्फ होइन, बरु वैवाहिक सम्बन्धमा रहेका महिलाको अधिकार संरक्षण गर्न, पति-पत्नी दुवैको उत्तरदायित्व सुनिश्चित गर्न र कानुनी प्रक्रियालाई सरल, पीडितमैत्री तथा प्रमाण-सङ्कलनको दृष्टिले व्यावहारिक बनाउनतर्फ केन्द्रित हुनुपर्छ । यी महिलाको पीडा बुझेर कानुनी मान्यता दिने, सम्पत्ति अधिकार सुरक्षित गर्ने, सामाजिक सुरक्षा सुनिश्चित गर्ने समय आएको छ । ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। साना भाइबहिनीहरूबाट सहायता मिल्नेछ। | **तुला** : धर्मकर्ममा मन जानेछ। साहित्य र कलाको क्षेत्रमा विशेष सफलता मिल्ला। |
| **वृष** : आत्मविश्वासमा वृद्धि हुनेछ। नमागि अरुलाई सल्लाह नदिनुहोस्। | **वृश्चिक** : आकस्मिक धनलाभका योग छन्। आर्थिक पक्ष सामान्य रहनेछ। |
| **मिथुन** : भनेजस्तो साथ पाइनेछ। उच्च पदस्थ व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **धनु** : धर्मकर्ममा मन लाग्नेछ। रुचिको कार्यहात लाग्नाले मन प्रसन्न रहनेछ। |
| **कर्कट** : रोजगारमा नयाँ अवसरको लागि दौडधुप गर्नुपर्ला। स्वास्थ्य सबल रहनेछ। | **मकर** : कार्यक्षेत्रमा पदोन्नतिका योग छन्। कामले अरुलाई प्रभावित पार्न सक्नुहुनेछ। |
| **सिंह** : नयाँ अवसरले मनमा उत्साह जगाउनेछ। शेयर बाजारबाट लाभ मिल्ला। | **कुम्भ** : प्रेम र स्नेहको भावना जागृत हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा हजुरले गरेको कार्यको तारिफ हुनेछ। नोकरी पाउने अवसर जुट्नेछ। | **मीन** : कार्यको जिम्मेदारी वहन गर्नुपर्ला। चुनौतीहरूसँग जुध्नुपर्ने समय रहेको छ। |

## कला मनोरञ्जन

# 'भऱ्याङ चढेरै आएको हुँ, एक खुट्किलोले फरक पार्दैन'



गज्जब अभिनय, व्यंग्यसहितको उत्कृष्ट हास्यचेत, वास्तविक नामले भन्दा बढी उपनामले चिनिनु । कलाकार केदार घिमिरेको खास पहिचान हो यो । उनी केदारबाट होइन, 'माग्ने बूढा' नामबाट लोकप्रिय छन् । सानो पर्दादेखि फिल्मसम्म आफ्नो अभिनयले दर्शकलाई हुरुक्कै बनाएका उनको 'माग्ने राजा' फिल्म प्रदर्शनको संघारमा छ । यो फिल्म उनका लागि विशेष छ, किनकि यसैमार्फत 'लिड' रोलमा आउँदैछन् । मेरी बास्सैको माग्ने बूढा पात्रकै हाउभाउमा उनले 'छक्कापञ्जा' फिल्म सिरिजमा काम गरे । तर भदौ ६ बाट प्रदर्शनमा आउन लागेको फिल्मबाट उनी 'माग्ने बूढा'बाट 'माग्ने राजा' मा रूपान्तरण हुँदैछन् । अन्तर्वार्ताका लागि रातोपाटी प्रवेश गर्दा केदारको अनुहारमा चिरपरिचित मुस्कान थियो, आँखामा आत्मविश्वास झल्किन्थ्यो । अनि केही थकित पनि देखिन्थे । थकित हुनुको कारण उनी यतिबेला अन्तर्वार्ताको म्याथुन दौडमा छन् । फिल्म रिलिज हुनेबेला प्राय: सबैजसो कलाकार र निर्देशकलाई यस्तै हुन्छ । 'हामी फिल्म वा टेलिफिल्ममा नाटकीय हुन्छौँ, त्यो नाटक मात्रै हो । तर वास्तविक जीवनमा कसरी बोल्छ, के भन्छ भन्ने दर्शकहरूलाई चासो हुन्छ,' केदार भन्छन्, 'दर्शकले हाम्रोबारेमा सबै थाहा पाउने अन्तर्वार्ताको क्रममा हो ।' 'पहिले सीमित मिडिया थिए । त्यहाँ गएपछि सबैलाई थाहा हुन्थ्यो । अहिले एउटा मिडियामा चर्चित हुँदा पनि अर्को मिडिया हेर्ने दर्शकले थाहा पाउनुहुन्न,' केदार भन्छन्, 'मिडिया यति धेरै छन् कि सबै दर्शकसम्म पुग्न सकभर प्रयास गर्नुपर्छ ।' फिल्मको शीर्ष कलाकारलाई मिडियामा पुग्नुपर्ने अझै दबाब हुन्छ । केदारलाई पनि 'माग्ने राजा'को शीर्ष पात्र हुनुको कारण ठुलै चुनौती छ । 'फिल्ममा म मुख्य भूमिकामा भए पनि वर्षा सिवाकोटी, बुद्धि तामाङ, विल्सनविक्रम राई जस्ता कलाकार हुनुहुन्छ । 'माग्ने' र 'तक्मे' को जोडी फेरि यसमा पनि देख्न पाइन्छ,' उनले कारण खोल्दै गए, 'अहिलेका व्यस्त भिलेन शिशिर बाङ्देल हुनुहुन्छ । संगीतमा बाबुली गिरी, दीपक शर्मा हुनुहुन्छ । एलिश राई, काली आमा लगायत हुनुहुन्छ ।' यसअघिका फिल्ममा सहायक तर अर्थपूर्ण चरित्रमा हिरोको वरिपरि घुम्थे केदार । यो फिल्ममा उनको वरिपरि अन्य चरित्र घुम्छन् । ठ्याक्कै पहिलेको भन्दा उल्टो । फिल्मको कथा जस्तै । 'मलाई आफ्नो जिन्दगी नै एउटा फिल्म जस्तो लाग्छ । मैले मेरो जिन्दगीलाई एउटा नाम दिएको छु- नदीको छालमा बगिरहेको एउटा उल्टो चप्पल । त्यो कहिले भित्तामा ठोकिन्छ, कहिले छाँगाबाट खस्छ, कहिले ढुङ्गामा पछारिन्छ,' केदार भन्छन्, 'नदीले जता-जता लैजान्छ, त्यतै-त्यतै बगेजस्तो । हेर्नुस् न, जतिबेला म भर्खरको थिएँ, त्यतिबेला बूढोको रोल खेल्नुपऱ्यो । अहिले बुढेसकालमा आएर भर्खरको रोल खेल्नुपरेको छ ।' केदार बालकै हुँदा उनकी आमाले संसार छाडेर गइन् । करिअर सुरु हुने बेलामा घरमा आगलागी भयो । 'यस्तै उल्टा-उल्टा घटना मात्रै घट्छन् । मैले चाहेकोतिर जिन्दगी जाँदैन, तर कता-कता उछिट्टिएर राम्रैतिर लगिरहेको जस्तो लाग्छ,' केदार जिन्दगीको गतिबारे भन्छन् । ६१ लाखको तरङ्ग 'माग्ने बूढाले त ६१ लाख लिए रे नि !' फिल्म 'माग्ने राजा' घोषणासँगै सबैभन्दा बढी चर्चाको विषय बनेको थियो ६१ लाख रुपैयाँको पारिश्रमिक । यसले नेपाली फिल्म क्षेत्रमा ठुलै तरंग ल्यायो । कहिले लिएको र कहिले नलिएको भन्ने परस्पर विरोधी अभिव्यक्ति समेत दिए केदारले । निर्माण पक्षले अहिले ६१ लाख नभएर ५१ लाख भन्दै कर तिरेको बिल समेत सार्वजनिक गरेको छ । 'कलाकारका लागि कथा नै सबैभन्दा महत्त्वपूर्ण हो । म आफैँ फिल्म बनाउने तयारीमा थिएँ, तर यो कथा मन परेपछि काम गर्ने निर्णय गरेँ,' पारिश्रमिकबारे केदार खुले, 'उहाँहरूले यति दिन्छु भन्नुभयो, त्यसलाई मैले स्वागत गरेँ ।' पारिश्रमिकको कुराले चर्चा भए पनि रिलिजपछि फिल्मको कथा र यसले दिने सन्देशको चर्चा होस् भन्ने केदारको इच्छा छ । 'माग्ने राजा'ले देशको वर्तमान अवस्था, युवा पलायन र राजनीतिक विकृतिमाथि गम्भीर प्रश्न उठाएको उनी बताउँछन् । 'फिल्मको ट्रेलरमा रहेको संवाद 'लाखौँका लागि उजाड छ यो देश, मुठ्ठीभरलाई त स्वर्ग छ'ले पनि गहिराइलाई संकेत गर्छ,' उनी भन्छन् । श्रीपेच लगाउँदा प्रहरीको तनाव फिल्मको पोस्टरमा केदारले श्रीपेच लगाएर पैसा चलखेल गर्दै विभिन्न क्रियाकलाप गरेको देख्न सकिन्छ । तर फिल्मका लागि बनाइएको श्रीपेचले तनाव आइलाग्यो । त्यो श्रीपेच लगाएर दरबारमार्गमा सुटिङ गर्ने योजना थियो, तर त्यो समय देशमा राजा फाल्ने र ल्याउनेबीच चर्को द्वन्द्व चलिरहेको थियो । दरबारमार्गको गेटमै आन्दोलन भयो । 'त्यस्तो बेला श्रीपेच लगाएर जाँदा त गोली नै हान्ने सम्भावना थियो,' केदार सम्झिन्छन् । त्यो जोखिम मोल्न नसकेर निर्माण टिमले बालुवाटार क्षेत्रमा सुटिङ गर्ने निर्णय गऱ्यो । तर केदारले श्रीपेच लगाएर बाइक स्टार्ट गर्न नपाउँदै प्रहरीले उनलाई घेरा हालेर समातिहाल्यो । 'के आन्दोलन गर्न लागेको ?' भन्दै प्रहरीले सोधपुछ गऱ्यो । 'सुटिङ भनेर बल्लतल्ल छुटेँ, त्यसपछि अर्कै बाटो हुँदै जाँदा चाइनिज एम्बेसी अगाडि फेरि प्रहरीले रोक्यो । दरबारमार्गको डीएसपीले त कतिखेर आउने भनेर बारम्बार फोन गरेर हैरान पार्नुभयो,' केदार सुटिङका दिन सम्झिन्छन्, 'प्रहरीको आँखा छल्दै टोखाको माथिल्लो भेगमा गएर सुटिङ पूरा गर्नुपऱ्यो ।' त्यो बेला दु:ख पाए पनि अहिले सम्झिँदा रमाइलो लाग्ने सुनाउने उनी श्रीपेच गह्रौँ भएको मुन्टो यताउता हल्लाउन समेत गाहरो भएको सुनाउँछन् । 'श्रीपेच लगाउनु आफैँमा एउटा गहकिलो र अचम्मको महसुस थियो । म नै राजा हुँ भन्ने त होइन, तर राजा यसरी हिँड्थेँ होलान् भन्ने चाहिँ महसुस भयो,' उनी सुनाउँछन् । सफलताका लागि अनुशासन पर्दामा हँसाउने 'माग्ने बूढा'को सफलताको पछाडि एउटा राज छ, अनुशासन । उनी हरेक दिन बिहान साढे चार बजे उठ्छन् र राति साढे आठ बजे सुतिसक्छन् । यो उनको बाह्रै महिनाको दिनचर्या हो । यही अनुशासनले बेग्लै ऊर्जा र स्फूर्ति दिएको उनले महसुस गरेका छन् । अर्को कुरा उनको सफलताको पछाडि परिवारको पनि ठुलो साथ छ । उनकी श्रीमती सीतादेवी तिमिल्सिना पनि कलाकार हुन् । छोरा आशिष घिमिरेले 'होस्टल ३' बाट अभिनयमा डेब्यु गरिसकेका छन् । नेपाली फिल्म क्षेत्रमा मुख्य भूमिका अभिनय गरेपछि सहायक भूमिकामा झर्न अप्ठ्यारो मानेर कैयौँ कलाकार कामविहीन भएर बसेका छन् । केदार आफूलाई भने केही फरक नपर्ने बताउँछन् । 'म भऱ्याङबाटै माथि आएको मान्छे हुँ, मलाई एक खुड्किलो तल वा माथि गर्न कुनै फरक पर्दैन । म आफूलाई नायक वा हिरोभन्दा पनि एक कलाकारको रूपमा हेर्छु,' कुराकानीको बिट मार्दै उनले भने, 'आएको भूमिका राम्रोसँग निभाउने हो ।'

*-रातोपाटी डटकम*

# फिल्म क्षेत्रमा स्वस्तिमाको १० वर्ष पूरा



नयाँ छिमलकी चर्चित अभिनेत्री स्वस्तिमा खड्काको फिल्म करिअरले एक दशक पूरा गरेको छ । २०७२ सालको भदौमा प्रदर्शन भएको फिल्म 'होस्टेल रिटर्न्स'बाट अभिनय करिअर सुरु गरेकी उनले १० वर्षको अवधिमा आफूलाई अब्बल कोटीको अभिनेत्रीको रुपमा स्थापित गरिसकेकी छन् । पछिल्लो समय उनलाई 'नम्बर वान अभिनेत्री' समेत भन्न थालिएको छ । आर्ट र कमर्शिल दुवै धारका फिल्ममा रुचाइएकी उनले मंगलबार आफ्नो १० वर्षे फिल्म यात्रालाई फर्केर हेरेकी छन् । सामाजिक सञ्जालमा एक पोस्ट गर्दै उनले सेतो पर्दाको १० वर्ष आफ्नो लागि १० दिनअघि जस्तै लागेको उल्लेख गरेकी छन् । उनी लेख्छिन्, 'समयको सुइँ खट्खट खट्खट् दौडिएर १० वर्षको किशोर भइसकेछ । म अहिले १० वर्षकी कलिली स्वस्तिमालाई हेरिरहेकी छु ।' स्वस्तिमाले पहिलो पटक आफूलाई सेतो पर्दामा देख्दा लाज लागेको भए पनि उत्साह र गर्वानुभूति पनि उतिक्कै रहेको स्मरण गरेकी छन् । आफूले जीवनलाई प्राय: पछाडि फर्केर नहेर्ने गरेको बताउँदै उनले पर्दाको जीवनले १० वर्षको खुड्किलो उक्लिएको अवसरमा पछाडि फर्किएर हेर्दा आफूलाई आनन्द लागेको उल्लेख गरेकी छन् । उनी अगाडि लेख्छिन्, 'यी १० वर्षमा सिकेका कुरा, भेटेका मान्छे र भोगेका क्षणले अब आउने मेरा दशौँ वर्षलाई डोऱ्याउने छन् । केही नसिकी, केही नपढी म सिनेमामा आएकी थिएँ । काम र अग्रजहरूको मार्गदर्शनले मलाई सिनेमाको क्खरा सिकायो । म अहिले सिनेमाको वर्णमाला सिक्दै छु । यो ज्ञानले मलाई अब आउने अनेकौं दशकमा परिपक्व बनाउँदै लैजानेछ । यो यात्रा सम्झेर म रोमाञ्चित भइरहन्छु ।' स्वस्तिमाले आफ्नो करिअरको १० वर्षमा 'बुलबुल', 'चिसो मान्छे', 'दिमाग खराब', 'पशुपति प्रसाद २', 'बेहुली फ्रम मेघौली' जस्ता फिल्ममा गरेको अभिनय यादगार मानिन्छ । 'बुलबुल' त उनको करिअरकै टर्निङ प्वाइन्ट थियो । यसबाट राष्ट्रिय अवार्ड समेत जितेकी उनको यस वर्ष 'हरिबहादुरको जुत्ता' र 'लालीबजार' गरी दुई फिल्म प्रदर्शनमा आउँदैछन् ।

*-फिल्मी खबर डटकम*

# निरूता सिंहको पुनरागमन



एक समयकी चर्चित, व्यस्त र सफल अभिनेत्री निरूता सिंह चिलचित्र अभिनयका लागि मुम्बईबाट नेपाल आएकी छन् । उनी निर्देशक सविर श्रेष्ठको महत्वकांक्षी प्रोजेक्ट चलचित्र '३६ को आँकडा' मा अभिनयका लागि आइतबार राति काठमाडौं आइपुगेकी हुन् । यो निरूताको ६ वर्षपछिको कमब्याक चलचित्र हुनेछ । कोरोना महामारीका कारण केही समय कामबाट टाढा रहनुपरेको बताउँदै उनले अब आफू नेपाली चलचित्रबाट टाढा रहन नसक्ने सुनाइन्। चलचित्रमा निरूताको भूमिकाबारे अहिले खुलाइएको छैन । निर्देशक सवीर श्रेष्ठले निरुताको भूमिकाबारे तत्काल केही नखुलाए पनि उनको चरित्र विशेष रहेको जानकारी गराए । 'कुनै-कुनै भूमिकामा विशेष कोही कलाकारकै आवश्यकता पर्दो रहेछ । यो चलचित्रमा पनि निरूता दिदी नै चाहिने भूमिका छ । त्यसैले हामीले उहाँलाई आग्रह गऱ्यौं,' उनले भने । सविरले सहायक निर्देशक हुँदा निरूतासँग काम गरेको अनुभव भए पनि निर्देशकका रूपमा उहाँले पहिलोपटक सहकार्य गर्दैहनुहुन्छ । निरूता पछिल्लो पटक नेपाली चलचित्र 'दाल भात तरकारी' मा अभिनय गर्नुभएको थियो । चलचित्र '३६ को आँकडा'मा निरूतासँगै अभिनेत्री रेखा थापा, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का जस्ता कलाकारहरूको अभिनय रहनेछ । चलचित्रले एक रोचक संयोग पनि जुराएको छ । चलचित्रमा निरूता र रेखाले करिब दुई दशकपछि सहकार्य गर्दै छन् । उनीहरू चलचित्र 'दुई पल'मा सँगै देखिएका थिए । वरिष्ठ निर्देशक तुलसी घिमिरेको खोजको रूपमा 'दक्षिणा' चलचित्रबाट डेब्यू गरेकी निरुताले त्यसपछि 'दर्पण छायाँ', 'ठूल्दाइ', 'आफन्त', 'आफ्नो मान्छे', 'चाँदनी' लगायत थुप्रै हिट चलचित्र दिनुभएको थियो । विशेषगरी सेन्टिमेन्टल दृश्यका लागि चर्चित रहनुभएकी निरुताले 'माइली' चलचित्रमा भने आधुनिक युवतीको भूमिका निर्वाह गरेकी थिइन् ।

*-इहिमालय टाइम्स डटकम*



## पान बेच्दै :

तानसेनका सडकमा पान बेच्दै सियाराम बरै । भैरहवाका बरै विगत १९ वर्षदेखि तानसेनको बडीगान टोलमा बस्दै यहाँका सडकहरुमा डुल्दै पान बेच्दै आएका छन् । उनले पान बेचेरै घरखर्च चलाउँदै आएका छन् । *तस्वीर : किशोर भट्टराई/एनजेडी*

# पुरानो आरनमा नयाँ चमक...

...आरनको काम गरेबापत तत्कालीन समयमा बाली (जीवका) पाइन्थ्यो । शिवलालले यो परम्परालाई निरन्तरता दिँदै गर्दा उनले केही परिवर्तनको आवश्यकता महसुस गरे । ग्राहकले छिटो र राम्रो काम खोज्न थालेका थिए । बजारमा मेसिनले बनेका सस्तो र आकर्षक औजारहरू आउन थालेपछि परम्परागत आरनको काममा चुनौती थपियो । उनले सोचे, "मेरो सीपलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ ?" "अब परम्परागत आरनको धुँवा र धूलोमा मात्र सीमित हुनुपर्दैन", शिवलाल लोहार मुस्कुराउँदै भन्छन् । आफ्नो पुर्ख्यौली पेसालाई आधुनिक प्रविधि र औजारको प्रयोगले नयाँ जीवन दिँदै उनले फलामबाट जीविकोपार्जन गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन ल्याएका छन् । पुस्तौँदेखि लोहार समुदायले गर्दै आएको फलामको कामलाई अहिलेको समय सुहाउँदो बनाउनु नै उनको सफलताको मुख्य कडी हो । परम्परागत आरनमा कोइलाको आगो फुकेर हत्केलाले घन चलाउँदै बनाइने हँसिया, बन्चरो, खुर्पा, चुलेसीजस्ता औजार अहिले बिजुलीबाट चल्ने ग्राइन्डर, वेल्डिङ मेसिन र अन्य आधुनिक उपकरणको सहयोगमा सजिलै छिटो बन्न थालेका छन् । पुरानो आरनमा नयाँ चमक देखिएको छ । शिवलालले यो काममा हात हालेको धेरै भएको छैन । १८ वर्ष अघि पेसा सुरू गरेका उनले आफ्नो गाउँको पुरानो आरनलाई आधुनिक बनाउने सङ्कल्प लिए । गाउँको पुरानो आरनको ठाउँमा सानो वर्कसप नै स्थापना गरे । "पहिले दिनभर एउटा खुर्पा बनाउन लाग्थ्यो, त्यसमाथि हात पनि पोल्ने डर हुन्थ्यो", उनी भन्छन् "अहिले आधुनिक मेसिनको प्रयोगले छोटो समयमै धेरै औजारहरू बनाउन सकिन्छ ।" आधुनिक प्रविधिको प्रयोगले उत्पादनको गुणस्तरमा सुधार आएको छ । यसले गर्दा बजारमा माग पनि बढिरहेको छ । "पहिलेका औजारमा धार छिटो बिग्रने समस्या थियो, तर अहिले मेसिनले गर्दा बनेका औजारहरू अझ टिकाऊ र बलिया भएका छन्," उनी भन्छन्, "रूपन्देही मात्र नभई काठमाडौँ, विराटनगर, हुम्ला जुम्लासम्म मैले बनाएका औजारहरू पुगेका छन् ।"

यसै पेसाले उनले आफ्नो र दिवङ्गत भाइका सन्तानलाई निजी विद्यालयमा पढाइरहेका छन् । यसैले घरखर्च चल्ने गरेको छ । उनी आफ्नो यो पेसामा पूर्ण सन्तुष्ट देखिन्छन् । नौ जनाको परिवार पनि सन्तुष्ट छ । दैनिक औषतमा पाँच हजारसम्मको कारोबार हुने गरेको उनले सुनाए । शिवलालको यो प्रयासले लोहार समुदायका अन्य युवालाई पनि प्रेरणा दिएको छ । उनीहरू पनि आधुनिक मेसिनहरू चलाउन सिक्न उत्साहित हुन्छन् । लोहार समुदायको परम्परागत सीपलाई आधुनिक प्रविधिले नयाँ ढङ्गबाट संरक्षण गरेको यो उदाहरणले अन्य पेसाकर्मीलाई पनि आफ्नो काममा नयाँपन ल्याउन प्रोत्साहन मिलेको छ । शिवलाल भन्छन्, "मेरो यो प्रयासले फलामको कामलाई केवल परम्परागत पेसाको रूपमा मात्र नभई आधुनिक र सम्मानित पेसाको रूपमा स्थापित गर्न मद्दत गर्नेछ ।" यसले युवाहरूलाई विदेशिनुभन्दा आफ्नै ठाउँमा केही गर्न सकिन्छ भन्ने सन्देश पनि दिएको छ । आफ्नो आरनमा पहिलोपटक बिजुलीबाट चल्ने ग्राइन्डर र वेल्डिङ मेसिन भित्र्याउँदा शिवलाल दृढ हुन्थे, यसले राम्रो प्रतिफल दिन्छ भनेर । उनले नयाँ प्रविधिको प्रयोगबाट काम कति सजिलो र छिटो हुन्छ भन्ने कुरा देखाउने निर्णय गरे र यसमा सफल पनि भए । ग्राइन्डरले फलामलाई छोटो समयमै आकार दिन र धार लगाउन मद्दत गर्यो । पहिला हत्केलाले घन चलाउँदै धेरै बेर लगाएर मिलाउने काम अब केही मिनेटमै हुने भयो । वेल्डिङ मेसिनको प्रयोगले फलामका टुक्रा जोड्न र औजारको मर्मत गर्न निकै सजिलो भयो । यसले समय र श्रम दुवै बचायो । यी आधुनिक औजारहरूको प्रयोगले शिवलालको कामको गुणस्तर पनि बढ्यो । बनेको औजारहरू अझ राम्रो र फिनिसिङ भएका देखिन थाले । यसले ग्राहकहरूलाई आकर्षित गर्यो र उनले बजारमा आफ्नो छुट्टै पहिचान बनाए । कामको माग बढेपछि शिवलालले काममा सहयोग गर्न चार जना कामदार पनि राखे । उनले आफ्ना कामदारलाई पनि आधुनिक औजार चलाउन सिकाए । अब उनीहरू सबै मिलेर काम गर्दा कामको गति झनै बढ्यो । यसले गाउँका अरू मानिसहरूलाई पनि रोजगारी मिल्यो । नयाँ प्रविधि अपनाउनु शिवलालको लागि भने त्यति सजिलो थिएन । सुरूमा उनलाई औजार चलाउन केही गाह्रो भयो । बिजुलीको बिल पनि बढ्यो । तर, उनले हार मानेनन् । उनले विस्तारै-विस्तारै औजार चलाउनमा दक्षता बढाए । कामबाट हुने आम्दानी बढेपछि बिजुलीको बिल पनि त्यति ठूलो समस्या लागेन । शिवलाल भन्छन्, "परम्परागत सीपको जगमा नयाँ प्रविधिको घर बनाउँदा नै दिगो विकास सम्भव हुँदो रहेछ । मैले पुर्खाले सिकाएको सीपलाई बिर्सिनँ, तर समयसँगै परिवर्तन हुनुपर्छ भन्ने कुरा पनि बुझेँ ।" उनले पेसागत कामप्रति स्थानीय सरकारको अपनत्व हुनुपर्ने भए पनि त्यसो नभएको गुनासो गरे । "अन्य पालिकामा यसै पेसामा लागेकालाई पालिकाले औजारहरू दिएर पेसा सञ्चालन गरेको थाहा पाउछु," लोहारले भने "तर हाम्रो पालिकामा त्यस्तो केही सहयोग पाइएको छैन ।" शिवलाल लोहारको कथा ग्रामीण क्षेत्रमा रहेका परम्परागत पेसाकर्मीका लागि एक प्रेरणाको स्रोत बनेको छ । उनले परम्परागत पेसालाई लोप हुनबाट जोगाउन र यसलाई अझै पनि जीवन्त राख्न आधुनिक प्रविधिको प्रयोग अपरिहार्य छ भन्ने प्रमाणित गरेका छन् । उनको सफलताले नयाँ पुस्तालाई पनि यो पेसा अँगाल्न प्रेरित गर्न सक्छ । शिवलालको आरनमा आज पनि कोइलाको आगो दन्किन्छ, तर त्यसको छेउमा ग्राइन्डरको आवाज पनि सुनिन्छ । यो दुवैको संयोजनले उनको आरनलाई नयाँ जीवन दिएको छ । उनी आफ्नो पेसामा पूर्ण रूपमा सन्तुष्ट छन् । यसबाटै आफ्नो परिवार र गाउँको भविष्य उज्यालो बनाउन लागि परेका छन् । *-रासस*

### खेलकुद समाचार

## अस्ट्रेलियामा नेपालको पहिलो जीत



**काठमाडौं,** भदौ ३/अस्ट्रेलियामा चलिरहेको टप इन्ड टी-२० शृङ्खलामा नेपालले चौथो खेलमा पहिलो जीत निकालेको छ । पार्मस्टनमा भएको खेलमा नेपालले होबर्ट हरिकेन्स एकेडेमीलाई ६६ रनले हरायो । नेपालले दिएको १ सय ८१ रनको लक्ष्य पछ्याएको होबर्टले १६ ओभर १ बलमा १ सय १४ रन बनाउँदा सबै विकेट गुमायो । होबर्टका ब्राडली होपले सबैभन्दा धेरै ३१ रन बनाए । नेपालका नन्दन यादवले ५ तथा कप्तान रोहित पौडेल, रिजन ढकाल, सन्दीप लामिछाने र कुशल भुर्तेलले १/१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ७ विकेट गुमाएर १ सय ८० रन बनायो । नेपालका आरिफ शेखले ३३, आसिफ शेखले २९, कुशल भुर्तेलले २७, लोकेश बमले ११ बलमा नटआउट २५ रन जोडे । होबर्ट हरिकेन्सका निवेथन राधाकृष्णन र राफ म्याकमिलनले २/२ विकेट लिए । टप इन्ड टी-२० शृङ्खलामा नेपाल यसअघिका ३ वटै खेलमा पराजित भएको थियो । नेपाल पहिलो खेलमा आयोजक टोली नर्दन टेरिटोरी स्ट्राइकससँग, दोस्रो खेलमा बङ्गलादेश 'ए' सँग र तेस्रो खेलमा मेलबर्न स्टार्ससँग पराजित भएको थियो । प्रतियोगितामा ११ वटा टोली छन् । सहभागी हरेक टोलीले लिग चरणमा ६ वटा खेल खेल्नेछन् । प्रतियोगिता अन्तर्गत नेपालले भोलि मेलबर्न रेनेगेड्ससँग र आउँदो शुक्रवार पाकिस्तान साहिन्ससँग खेल्ने छ । यो शृङ्खलापछि अस्ट्रेलियामै नेपालले अभ्यास खेल पनि खेल्नेछ । आईसीसी टी-२० विश्वकप छनोटका तयारी स्वरूप नेपालले टप एन्ड टी-२० शृङ्खला र अभ्यास खेल खेल्न लागेको हो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से बढ्यो, कारोबार रकम घट्यो



**पाल्पा,** भदौ ३/सेयर कारोबार मापक नेप्से परिसूचक ६ दशमलव ५१ अंकले बढेको छ । अघिल्लो दिनको तुलनामा मंगलबार शून्य दशमलव २३ प्रतिशतले बढेपछि समग्र नेप्से २ हजार ७ सय ७६ दशमलव ९० विन्दुमा उक्लिएको छ ।

सोही अवधिमा ३ सय १६ कम्पनीको एक करोड ३१ लाख २४ हजार ३ सय १० कित्ता शेयर ६१ हजार ७ सय ८४ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ६३ करोड ६५ लाख ४८ हजार ३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । उक्त दिन कारोबारमा आएकामध्ये १४२ वटा कम्पनीको सेयरमूल्य बढ्यो, १सय ७ वटाको घट्यो । ६१ हजार ७ सय ८४ पटकको कारोबारमा १ करोड ३१ लाख २४ हजार ३ सय १० कित्ता सेयर किनबेच भए । ती किनबेचमा करिब ५ अर्ब ६३ करोड ६५ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । सोमबारको तुलनामा मंगलबार कारोबार रकम घटेको हो । सरोमबार ६ अर्ब १७ करोड रूपैयाँको कारोबार भएको थियो । सबै उपसमूहहरू बढ्यो । जीवन बीमा, उत्पादन तथा प्रशोधन,विकास बैंक, लगानी, अन्य र व्यापार उपसमूह बढ्यो । बैङ्किङ शून्य दशमलव ४०, विकास बैङ्क शून्य दशमलव २०, वित्त शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ०५, जलविद्युत् शून्य दशमलव १६ र लगानी समूह शून्य दशमलव २१ प्रतिशतले बढेको छ । त्यसैगरी जीवन बिमा शून्य दशमलव २५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४६, लघुवित्त शून्य दशमलव १२, म्युचुअल फन्ड शून्य दशमलव २९, निर्जीवन बिमा शून्य दशमलव ११, व्यापार शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ । कारोबारमा सान्भी इनर्जी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने नारायणी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव १४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको रु ३१ करोड ७२ लाख ३७ हजार ८७२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा लार्ज क्याप फन्डको पाँच लाख ४३ हजार छ सय कित्ता खरिदबिक्री भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई